# सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं.-२०८२।०८३ (शिक्षा,युवा तथा खेलकुद शाखा) मितिः २०८३।०३।३१

चलानी नं.- 3565 ने.सं. : ११४६ बुधवार

गाउँ सिमकोट गाउँपालिकाको कार्यालय सिमकोट, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

**विषय विज्ञसूची (Roster) तयारीका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना।**

**(सूचना प्रकाशन मितिः २०८३।०३।३१)**

सिमकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व.२०८३।०८४ को लागि कार्यक्षेत्रसँग सम्बन्धित नीतिगत/कार्यविधिगत,विषयगत कार्यहरु र करार शिक्षक पदपूर्ति गर्ने,मूल्याङकन,आधारभूत तहको गाउँपालिकास्तरीय आधारभूत शिक्षा परीक्षा,स्थानीय पाठ्यपुस्तक लेखन र शिक्षासँग सम्बन्धित विभिन्न तालिम,कार्यशाला,अभिमुखीकरण र शिक्षक मेन्टरिङ लगायतका कार्यलाई गुणस्तरीय,प्रभावकारी एवम् सुव्यवस्थित बनाउने उद्देश्यले तपसिल बमोजिमका लागि विषय विज्ञसूची तयार गर्नुपर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका शिक्षकहरुले निम्नानुसारको विवरण सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा आइपुग्ने गरी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुहुन् यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

**१. विषय विज्ञताका क्षेत्रहरु:**

- प्रारम्भिक बालशिक्षा देखि आधारभूत तह (कक्षा १-८) ।
- माध्यमिक तह (कक्षा ९-१२) सम्मका अनिवार्य तथा ऐच्छिक विषयहरु।
- माध्यमिक तह प्राविधिक तथा व्यावसायिक धारतर्फका व्यावसायिक विषयहरु।
- हाम्रो सिमकोटको पाठ्यपुस्तक लेखन (कक्षा १-५) का विषयवस्तुहरु।
- विद्यालय शिक्षा र अनैपचारिक तथा निरन्तर शिक्षा।

**२. सर्तहरु:**

विषयविज्ञहरुको सूची दर्ता सम्बन्धी निवेदन यस कार्यालयको वेवसाइटमा उपलब्ध गराइएको ढाँचा बमोजिम हुनुपर्ने छ। निवेदनमा उल्लेखित कुराको पुस्ट्याई हुने कागजातहरु संलग्न हुनुपर्ने छ।

बुदा नं.१ का विषयहरुका सन्दर्भमा विषयविज्ञ सूचीमा नाम दर्ता गर्न आधारभूत तहका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का हकमा स्नातककोत्तर तह उत्तीर्ण गरी सो विषयको शिक्षक हुनुपर्ने छ।

विषयविज्ञको सूचीकरण तथा परिचालन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निहित रहने छ। शाखाले आवश्यकतानुसार विषयविज्ञ सूची अद्यावधिक गर्ने छ।

**३. निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

बुदा नं.२ मा उल्लेख भए बमोजिमका

- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
- पान नं. कार्डको प्रमाणित प्रतिलिपि।
- कार्यानुभवको कागजातको प्रमाणित प्रतिलिपि।
- विस्तुत वैयक्तिक विवरण (बायोडाटा)।

४. इमेल मार्फत विषयविज्ञ सूचीमा दर्ता गर्न चाहने विज्ञले निवेदन सहित सम्पूर्ण आवश्यक कागजातको scan copy इमेल ठेगाना: educationsimkot@gmail.com/ito.simkotmun@gmail.com मा पठाउन सकिने।

"उच्च हिमाली, विविधतायुक्त, व्यपारीक र पर्यटकीय सहर : समृद्ध हाम्रो सिमकोट नगर "

फोन न.-०१७७-०८७६८००१४,९८५८३२०१९२ वेवसाइड-www.simkotmun.gov.np

इमेल:-ito.simkotmun@gmail.com/info@simkotmun.gov.np